नेपाल सरकार

# श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय

सिंहदरबार, काठमाडौं

मितिः २०७९/०२/१७

<u>प्रेस बिज्ञप्ति</u>

आज मिति २०७९ जेष्ठ १७ गते तदनुरुप ३१ मे २०२२ का दिन रोजगार अनुमति प्रणाली (इपिएस) मार्फत दक्षिण कोरियामा काम गरी फर्केका युवालाई लक्षित गरेर नेपालमै विभिन्न अवसर उपलब्ध गराउने गरी कोरियन अन्तर्राष्ट्रिय सहयोग संस्था KOICA को सहयोगमा सञ्चालन हुने पुनःएकीकरण सम्बन्धी (The Project for Strengthening Stage-Wise Support System for the Stable Reintegration of Korea Returnee Migrants in Nepal) परियोजनाको Record of Discussions (RoD) मा हस्ताक्षर भएको छ ।

उक्त परियोजना अन्तर्गत ८ मिलियन अमेरिकी डलर (करीब ९६ करोड नेपाली रुपियाँ बराबर) अनुदान स्वरुप प्राप्त हुनेछ । परियोजनाले कोरिया सरकारको सहयोगमा ईपिएस प्रणाली मार्फत कोरिया गई स्वदेश फर्किनुभएका नेपालीहरुको लागि क्षमता बिकास, दक्षिण कोरियामा काम गरी फर्केका युवाहरुको पुनः एकीकरण सम्बन्धी सूचनामा पहुँच, उध्यमशिलता सम्बन्धी क्षमता बिकास, वित्तीय सहयता/पहुँच जस्ता कार्यमा सहयोग गर्नेछ । उक्त Record of Discussions (RoD) मा श्रम,रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयका सचिव श्री एकनारायण अर्यालको उपस्थितिमा मन्त्रालयका सहसचिव श्री रामचन्द्र ढकाल र KOICA को तर्फबाट संस्थाका Country Director, Sunghoon Ko ले हस्ताक्षर गर्नुभयो ।

...................

(डण्डुराज घिमिरे)

सहसचिव एवं प्रवक्ता